**अध्ययन ५**

# मण्डलीमा विभाजन

# १ कोरिन्थी ३:१-२३

१ क) पावलले कोरिन्थीका मण्डलीलाई किन संसारिक भएको आरोप लगाउछन् ?

ख) तिनीहरुको समस्याको समाधान वा उपाय के हो? ७ पदले हाम्रो स्वभावमा कसरी प्रभाव पार्न सक्छ ?

२ क) ९ पदमा कुन तीन उदाहरणहरु प्रयोग गरिएका छन् ?

ख) ती प्रत्येक उदाहरणहरुलाई हामीले आफनो जीवनमा कसरी लागु गर्न सक्छौं?

३) सुन र चांदीले निर्माण गर्नु र काठ र घांसले निर्माण गर्नु भन्ने अर्थ लाग्ने केही उदाहरणहरु के के हुन् ?

४) हाम्रो शरीर परमेश्वरको मन्दिर हो भन्ने ज्ञानले कसरी हाम्रो चाल चलनमा असर पार्न सक्छ ?

५ क) सब थोक हाम्रो कसरी हुन सक्छ ?

ख) यी कुराहरुमा घमण्ड गर्नु र पावलले दोष दिएको कुरामा घमण्ड गर्नु बिच के भिन्नता छ ?